नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०७८/०७९

चलानी नं.:- ९४६

मितिः २०७८/०८/०२

श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

विषयः माग आकृति फाराम पठाउने सम्बन्धमा।

लोक सेवा आयोगको स्वीकृत वार्षिक कार्यतालिका अनुसार आ.व. २०७८/०७९ मा पदपूर्ति गर्ने प्रयोजनका लागि त्यस मन्त्रालय/कार्यालय/निकाय र अन्तर्गत रिक्त रहेका र चालु आ.व. मा रिक्त हुने रा.प. तृतीय श्रेणी, अप्राविधिक तर्फका सबै सेवा र समूहका पदहरूको विवरण खुल्ने माग आकृति फाराम तपसिल अनुसारको ढाँचामा भरी मिति २०७८/०८/१० भित्र उपलब्ध गराई दिनुहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७८/०८/०१ को निर्णयानुसार अनुरोध छ । यसरी माग आकृति फाराम पठाउँदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता भएका पदहरुलाई मात्र समावेश गर्न र राष्ट्रिय किताबखाना (निजामती) को अद्यावधिक विवरणसँग भिडाउन एवं आफ्नो सेवा र समूहका पदहरू अन्य निकायमा रहेकोमा सो समेत समावेश गरी पछिसम्म फरक नपर्ने गरी ईमेल ठेगानाः hrd.moga@gmail.com मार्फत समेत अनिवार्य रुपमा पठाउनु हुन अनुरोध छ ।

तपसिल

| क. सं. | सेवा | समूह/ उपसमूह | श्रेणी | पद | कुल स्वीकृत दरवन्दी | कार्यरत संख्या | रिक्त संख्या | | | जम्मा रिक्त पद | माग संख्या | अवकास, राजीनामा, मृत्यु, कारबाहीमा परि रिक्त हुनेहरुको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बढुवा | अवकाश | अन्य | | | नाम, थर | मिति | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| | | | | | | | | | | | | | | |

संलग्न गर्नु पर्ने कागजातहरुः

- पद रिक्त भएको कारण सम्बन्धी प्रमाणित कागजात (अवकाश पत्र, बढुवा/नियुक्ति पत्र, दरवन्दी सृजनाको निर्णय, राजीनामा स्वीकृत पत्र र पद दर्ताको प्रमाण पत्र)
- निजामती सेवा ऐन, २०४९ को दफा ७(क)को उपदफा (३) बमोजिम चालु आ.व.मा अवकाश तथा बढुवाबाट रिक्त हुने पदको समेत गणना गरी माग आकृति फारम पठाउँदा सोको पुष्ट्याईँका आधार र प्रमाणित गर्ने सम्पूर्ण कागजातहरु पेश गर्नु पर्नेछ।
- रा.प.तृतीय श्रेणीका रिक्त अप्राविधिक पदहरुको विवरण सम्बन्धित निकायको रा.प.विशिष्ट श्रेणी (सचिव) बाट सेवा र समूह अनुसार छुट्टाछुट्टै पानामा प्रमाणित गराई पठाउनु पर्नेछ ।

**नोटः-** माग आकृति तयारी सम्बन्धी कार्यविधि, २०७७ का व्यवस्थाहरुलाई दृष्टिगत गरी निर्धारित समयमै माग आकृति फाराम पठाउनु पर्नेछ । **साथै, माथि उल्लिखित ढाँचामा प्राप्त नभएको माग आकृति फारामलाई प्रक्रियामा समावेश गराईने छैन ।**

(मदन कोइराला)
उपसचिव

बोधार्थः

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा.प्र.मन्त्रालय : वेबसाइटमा अपलोड गरि दिनुहुन ।